आज मिति २०८२/०५/१८ गते बुधवारका दिन विहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो।

**तपसिल :**

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री संजिव कुमार यादव (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**आमन्त्रित :**

श्री दिनेश कुमार राय (राजश्व शाखा)

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री वाञ्छित महतो (लेखा प्रमुख)

CamScanner

प्रस्तावहरु :

१. पोखरी/सटरहरुको ठेक्का सम्बन्धमा।

२. करार सेवाको निरन्तरता सम्बन्धमा।

३. लगत कस्न पठाउने सम्बन्धमा।

निर्णय :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय राजश्व परामर्श समितिको मिति २०८२/०५/११ गते भएको निर्णयानुसार पोखरी/सटरहरुको ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सालय, मलंगवाको प.सं. २०८२।०८३, च.नं. १२, मिति २०८२।०५।०९ गतेको पत्रानुसार हस्तान्तरित कार्यरत सेवा करारका कर्मचारीहरुलाई नागरिक आरोग्य सेवा केन्द्रको पारिश्रमिक शीर्षकमा छुट्याइएको बजेट रकमबाट तथा अपुग भएका पारिश्रमिक रकम चालु तर्फको अन्य कर्मचारी पारिश्रमिक शीर्षकबाट व्यवस्थापन हुने गरी आ.व. २०८२।०८३ को लागि सेवा करारको निरन्तरता गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा महालेखा परीक्षकको प्रतिवेदन २०७९ अनुसार तपसिलका बेरुजु फछ्र्यौट गर्न हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०४/०४ गते ३५ दिने सूचना प्रकाशन गर्दा पनि सो बेरुजुहरु फछ्र्यौट नभएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ४७ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ११२ अनुसार कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को अनुसूची १५ भरी लगत कस्न पठाउने निर्णय गरियो।

तपसिल :

| निर्माण व्यवसायीको नाम | पेश्की रकम रु. |
|---|---|
| ग्रिन वर्ल्ड/जयस कन्ट्रक्सन जे.भी. | १८३२७४२ |
| ग्रिन वर्ल्ड/जयस कन्ट्रक्सन जे.भी. | १७९२०१५ |
| ग्रिन वर्ल्ड/जयस कन्ट्रक्सन जे.भी. | १७६१६५१ |

CamScanner